प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

# भेडाबाखा तथा बंगुर प्रवर्द्धन सम्बन्धी कार्यक्रम संचालन मापदण्ड, २०७७

(मन्त्रिस्तरीय निर्णयबाट मिति २०७७/०६/२८ मा स्वीकृत)

भेडाबाखा तथा बंगुरपालन व्यवसायलाई प्रवर्द्धन गरी शुद्ध नश्लका पशुहरुको विकासका साथै मासु उत्पादनमा वृद्धि गर्न गण्डकी प्रदेश सरकारको "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भेडाबाखा तथा बंगुर प्रवर्द्धन तथा स्रोत केन्द्र स्थापना सम्बन्धी कार्यक्रमहरु संचालन गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो मापदण्ड बनाएको छ।

## १. आवेदकको योग्यता र पेश गर्नुपर्ने कागजातहरु :

### १.१ आवेदकको योग्यता :

क) आवेदक कृषक/फर्म, समुह, समिति वा सहकारी हुनुपर्नेछ।

ख) बुदाँ नं २.२ बमोजिमका आवश्यक पूर्वाधार तथा शर्तहरु पूरा भएको हुनुपर्नेछ।

### १.२ पेश गर्नुपर्ने कागजातहरु :

क) आवेदकले कम्तीमा ५० प्रतिशत लागत साझेदारी हुने गरी बुँदा नं ३ बमोजिमको ढाँचामा तयार गरिएको प्रस्ताव पेश गर्नुपर्नेछ।

ख) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा १६ को उपदफा (३) मा उल्लेखित कागजातहरु पेश गर्नुपर्नेछ।

## २. प्रस्ताव छनौट :

### २.१ मूल्याङ्कनका आधारहरु :

| क्र.सं. | विवरण | अंक भार |
|---|---|---|
| **१** | **व्यवसायिक योजनाको प्रस्ताव (लागत र समय, रोजगारी सृजना, उत्पादन तथा उत्पादकत्व वृद्धि, बजारीकरण)** | **२५** |
| **१.१** | **लागत** | **५** |
| १.१.१ | लागत साझेदारीको अनुपात (कार्यालयः आवेदक) १:१.५ भन्दा बढी भएको | ५ |
| १.१.२ | लागत साझेदारीको अनुपात (कार्यालयः आवेदक) १:१ भन्दा बढी १:१.५ सम्म भएको | ४ |
| १.१.३ | लागत साझेदारीको अनुपात (कार्यालयः आवेदक) १:१ भएको | ३ |
| **१.२** | **रोजगारी सृजना (व्यक्तिगत फर्मको हकमा मात्र लागु हुने)** | **५** |
| १.२.१ | एकाघर भन्दा बाहिरको कम्तीमा थप एक जनालाई रोजगारी दिने | ५ |
| १.२.२ | एकाघर भन्दा बाहिर रोजगारी नदिने | ३ |
| **१.३** | **उत्पादन र उत्पादकत्व वृद्धि** | **१०** |
| १.३.१ | हालको उत्पादनमा ४०% वा सो भन्दा बढीले वृद्धि गर्ने | १० |
| १.३.२ | हालको उत्पादनमा ४०% भन्दा कमले वृद्धि गर्ने | ६ |

| | | |
|---|---|---|
| **१.४** | **बजारीकरण** | **५** |
| १.४.१ | आफ्नो कूल उत्पादन मध्ये ९०% वा सो भन्दा बढी परिमाण विक्रि गर्ने | ५ |
| १.४.२ | आफ्नो कूल उत्पादन मध्ये ९०% भन्दा कम परिमाण विक्रि गर्ने | ३ |
| २ | **पूर्वाधार र प्राविधिक उपयुक्तता** | १० |
| २.१ | **पूर्वाधार** | **५** |
| २.१.१ | बाटो, पानी र बिजुलीको सुविधा भएको | ५ |
| २.१.२ | बाटो, पानी र बिजुली मध्ये कुनै १ वा १ भन्दा बढी सुविधा नभएको | ३ |
| **२.२** | **प्राविधिक उपयुक्तता** | **५** |
| २.२.१ | पर्याप्त र उपयुक्त जमिन भएको, उपयुक्त हावापानी भएको, घाँसमा आधारित पशुपालन भएको (घाँसमा आधारित पशुपालन आवस्यक नभएमा मूल्याङ्कनमा नराख्ने) | ५ |
| २.२.२ | पर्याप्त र उपयुक्त जमिन नभएको वा उपयुक्त हावापानी नभएको, वा घाँसमा आधारित पशुपालन नभएको (घाँसमा आधारित पशुपालन आवस्यक नभएमा मूल्याङ्कनमा नराख्ने) | ३ |
| **३** | **आवेदकको अनुभव तथा क्षमता** | **५** |
| ३.१ | २ वर्ष वा सो भन्दा बढी | ५ |
| ३.२ | २ वर्ष भन्दा कम | ३ |
| ४ | **लाभान्वित घरधुरी (समुह/समिति/सहकारीको हकमा मात्र)** | **५** |
| ४.१ | १० वा १० भन्दा बढी | ५ |
| ४.२ | १० भन्दा कम | ३ |
| **५** | **अपेक्षित नतिजा र दिगोपना** | **५** |
| **६** | **अघिल्ला दुई आ.व मा कुनै कार्यालयबाट अनुदान लिए/नलिएको** | **१०** |
| ६.१ | नलिएको | १० |
| ६.२ | प्रस्तावमा उल्लेखित क्रियाकलाप भन्दा फरक प्रकृतिको क्रियाकलाप गर्नको लागि लिएको | ५ |
| **जम्मा** | | **६०** |

*नोटः कार्यालयले प्रस्ताव छनौट गर्नु पूर्व स्थलगत अनुगमन गर्नुपर्नेछ। स्थलगत अनुगमन गर्दा बजारीकरण, पूर्वाधार, प्राविधिक उपयुक्तता लगायतको प्रस्तावमा उल्लेखित विवरणहरुको तालमेल मिले नमिलेको हेरी मात्र मूल्याङ्कन गर्नुपर्नेछ।*

**२.२ आवश्यक न्यूनतम पूर्वाधार तथा शर्तहरु :**

**क) बंगुर ब्रिडर हर्ड :**

अ) शुद्ध नश्लका २० वटा प्रजनन् योग्य माउ बंगुर र १ गोटा भाले वा ३० वटा पाठी वा गिल्ट र २ वटा भाले पाठा पालन गरिरहेको हुनुपर्नेछ । उक्त संख्याका बंगुरहरु सामुहिक रुपमा पालन गर्ने भए एकै स्थानमा पालन गरिरहेको हुनुपर्नेछ।

आ) पालन गरिएका बंगुरहरुमा क्रस ब्रिडिङ नगराउने हुनुपर्नेछ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

**ख) बंगुर मल्टिप्लायर हर्ड :**

अ)बंगुर ब्रिडर हर्डबाट उत्पादित वा शुद्ध नश्लका एक वा एकभन्दा धेरै जातका कम्तीमा २० वटा प्रजनन् योग्य माउ बंगुर र १ गोटा भाले वा ३० वटा पाठी वा गिल्ट र २ वटा भाले पाठा पालन गरिरहेको हुनुपर्नेछ । उक्त संख्याका बंगुरहरु सामुहिक रुपमा पालन गर्ने भए एकै स्थानमा पालन गरिरहेको हुनुपर्नेछ।

आ) पालन गरिएका एकै जातका वा फरक फरक जातका बंगुरहरु बीच क्रस ब्रिडिङ गरी पाठापाठी उत्पादन गर्न सकिनेछ।

**ग) मासुको लागी भेडाबाखा तथा बंगुर पालन :**

अ) व्यक्तिगत फार्मको हकमाः उच्च नश्लका कम्तीमा २५ वटा माउ भेडा/बाखा पालन गरेको वा कम्तीमा १० वटा प्रजनन योग्य माउ बंगुर र १ गोटा भाले वा कम्तीमा ३० वटा फ्याटनर पालन गरेको हुनुपर्नेछ।

आ) समुह/समिति/सहकारीको हकमाः उच्च नश्लका कम्तीमा २०० गोटा भेडा वा बाखा वा बंगुरपालन गरेको हुनुपर्नेछ ।

**३. प्रस्तावको ढाँचा**

क) आवेदकको नाम र ठेगाना :

ख) सम्पर्क व्यक्तिको नाम र सम्पर्क नं :

ग) कार्यक्रम संचालन हुने स्थान :

घ) संचालन गर्ने व्यवसाय :

ङ) लाभान्वित घरधुरी संख्या (समुह/समिति/सहकारीको हकमा मात्र) :

च) एकाघरको बाहेक अन्यलाई रोजगारी दिने भए संख्या (व्यक्तिगत फार्मको हकमा मात्र) :

छ) संचालन गरिने क्रियाकलापको विवरण :

| क.स. | क्रियाकलापको विवरण | परिमाण (संख्या, गोटा आदि) | अनुमानित लागत रु |  | कुल रकम | सम्पन्न गर्न लाग्ने समय अवधि |
|---|---|---|---|---|---|---|
|  |  |  | आफूले व्यहोर्ने | माग गरिएको |  |  |
| अ) | पुँजीगत कार्यहरु |  |  |  |  |  |
|  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |
| आ) | अन्य कार्यहरु |  |  |  |  |  |
|  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |
| जम्मा |  |  |  |  |  |  |

ज) प्रस्तावित कार्यक्रम संचालनबाट प्राप्त हुने उपलब्धिहरु (भौतिक संरचना विकास/सुधार, वार्षिक उत्पादन, आदि):

| क.सं. | विवरण | एकाई | परिमाण | | कैफियत |
|---|---|---|---|---|---|
| | | | हालको अवस्था | कार्यक्रम संचालन पश्चातको अवस्था | |
| अ) | भौतिक संरचना विकास/सुधार | | | | |
| | | | | | |
| आ) | वार्षिक उत्पादन (पाठापाठी) | | | | |
| | | | | | |
| इ) | अन्य उपलब्धिहरु | | | | |
| | | | | | |
| जम्मा | | | | | |

झ) उत्पादित बस्तुहरुको बजारीकरण कहाँ, कसरी र वार्षिक कति मात्रामा गर्ने :

ञ) नयाँ सोच तथा व्यवसायलाई दिगोरुपमा संचालन गर्ने भावी योजना :

<u>प्रस्तावकको</u>

नामः छापः

ठेगानाः

सम्पर्क व्यक्तिः दस्तखतः

मितिः

**४. संचालन गर्न सकिने क्रियाकलापहरु :**

स्वीकृत बजेटको परिधी भित्र रही आवश्यकता अनुसार देहायका क्रियाकलापहरु संचालन गर्न अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

क) खोर गोठ निर्माण/सुधारका लागी बंगुर ब्रिडर/मल्टिप्लायर हर्डको हकमा प्रति कृषक अधिकतम रु ५०,०००/- उपलब्ध गराउन सकिनेछ भने अन्यको हकमा प्रति कृषक अधिकतम रु २५,०००/- उपलब्ध गराउन सकिनेछ ।

ख) डिपिङ ट्याङ्क निर्माण।

ग) आन्तरिक, बाह्य परजिवी नियन्त्रण र खोप कार्यक्रम।

घ) घाँस बिकास।

ङ) आवस्यक अन्य मेशिनरी औजार तथा उपकरणहरु।

च) आवस्यक अनुपातमा हुन आउने संख्यामा प्रजनन योग्य भाले खरिद तर बंगुर ब्रिडर/मल्टिप्लायर हर्डको लागी शुद्ध नश्लको भाले हुनु पर्ने ।

छ) बंगुर ब्रिडर/मल्टिप्लायर हर्डको लागी प्रति कृषक बढीमा १० बटा सम्म शुद्ध नश्लका पाठी खरीद।